नाम्खा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

याल्बाङ, हुम्ला

कर्णालीप्रदेश, नेपाल

प.स. ०७६/७७

चलानी न ४८६

मिति: २०७६।१२।०९

---

श्रीमान वडा अध्यक्ष ज्यु,

नाम्खा गा.पा वडा [illegible]

विषय: कोरोना नियन्त्रण सम्बन्धि वडा स्तरीय समिती गठन सम्बन्धमा ।

प्रस्तुत बिषयमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र सघिंय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प्राप्त पत्रानुसार हाल बिश्वभर महामारीको रुपमा फैलीएको कोरोना भाइरस सक्रमणको रोकथाम नियन्त्रणका लागी स्थानीय स्तरमा कोरोना भाइरस सक्रंमणको नियन्त्रण,रोकथाम सम्बन्धि समन्वय समिती गठन गर्न गराउन भनी पत्रचार भए बमोजीम तपशील बमोजीमको आ-आफ्नो वडामा वडा समन्वय समिती गठन गरी आबश्यक कार्य गर्नु हुन अनुरोध छ ।

**<u>वडा समन्वय समिति देहायबमोजीमको हुनेछ :</u>**

| | |
|---|---|
| १) सम्बन्धित वडाको वडा अध्यक्ष वा निजले तोकेको प्रतिनीधि | सयोंजक |
| २) सम्बन्धित वडाका जनप्रतिनिधीहरु सबै | सदस्य |
| ३) सम्बन्धित वडामा रहेका स्वास्थ्य सस्थाका प्रतिनीधि | सदस्य |
| ४) सम्बन्धित वडामा रहेका विद्यालयका प्रधानाध्यापक | सदस्य |
| ५) स्थानीय समाजसेविहरु मध्येबाट वडाले मनोनित गरेका पाँच जना | सदस्य |
| ६) सम्बन्धित वडा कार्यालयको सचिब | सदस्य-सचिब |

प्रमुख प्रशासकिय अधिकृत

प्रमुख प्रशासकिय अधिकृत

फोननम्बर : ०८७-६८०२८०, अडियो नोटिस बोर्ड : १६१८०८७६८०२८०
वेवसाइट : www.namkhamun.gov.np,ईमेल:ito.namkhamun@gmail.com,

नाम्खा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

याल्वाङ, हुम्ला
कर्णालीप्रदेश, नेपाल


प.स. ०७६/७७
चलानी न

मिति: २०७६।१२।०९

**वडा स्तरको स्थानीय समन्वय समितीको कार्यविवरण (TOR )**

१. आफ्नो समुदाय भित्र देहायको चिन्ह लक्षण देखिएमा नोभल कोरोना भाइरसको सक्रमण हुन सक्ने भएकाले त्यस्ता व्यक्तीहरुको निगरानी गर्ने ।

- १००.४ डिग्री फरेनहाइट भन्दा बढि ज्वरो आएका,
- स्वास प्रस्वासमा अत्यधिक समस्या भएका,
- छाति दुखेका, रुघाखोकी लागेका,
- टाउको दुखेका।

२. बाहिर बाट आफ्नो समुदायमा भित्रने व्यक्तीहरुमा भाइरसको सक्रमण वा फ्लुको लक्षणहुन सक्ने भएकाले प्रबेश बिन्दुमा निगरानी गर्ने ।

३. भाइरसको सक्रमण देखीएका व्यक्तीहरु बाट अरुलाइ सर्न सक्ने भएकाले सक्रमीत व्यक्तीलाइ घरबाट बाहिर ननिस्की घरमै छुट्टै केठाको व्यवस्थ गर्न लागाउने ।

४. सक्रमण भएका व्यक्तीहरुलाइ लागातार ज्वरो १००.४ डिग्री आइरहेमा सिटामोल खान लगाउने र स्वास्थ्य सस्थामा चेक जाँच गर्न लगाउने ।

५. सक्रमण भएका व्यक्तीहरुलाइ प्रसस्त झोलीलो खानेकुरा खाने र घाटी सुख्खा हुन नदिने उपाय सुझाउने ।

६. सक्रमण भएका व्यक्तीहरुले खोक्दा हाच्छीयु गर्दा नाक मुख छोप्न लगाउने व्यवस्था मिलाउने ।

७. फ्लु तथा सक्रंमणको लक्षण देखीएका व्यक्तीहरुलाइ जो कोहीको सर्म्पक बाट टाढा रहन लगाउने ।

८. आफ्नो कार्यालयमा साबुन पानीले हात धुने र माक्सको प्रयोग गर्ने व्यबस्था मिलाउने ।

प्रमुख प्रशासकिय अधिकृत